बैठक संख्या ३९ मिति २०७५/०९/११

आज मिति २०७५ साल पौष ११ गते बुधबारका दिन अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो ।

उपस्थिती:

| | | | | |
|---|---|---|---|---|
| १ | नगरप्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | नगर उपप्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | वडाध्यक्ष | श्री गजाधर खतिवडा | सदस्य | |
| ४ | वडाध्यक्ष | श्री रघुनाथ खनाल | सदस्य | |
| ५ | वडाध्यक्ष | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ६ | वडाध्यक्ष | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ७ | वडाध्यक्ष | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ८ | वडाध्यक्ष | श्री लोकनाथ गौतम | सदस्य | |
| ९ | वडाध्यक्ष | श्री नवराम ढुङ्गाना | सदस्य | |
| १० | वडाध्यक्ष | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| ११ | वडाध्यक्ष | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १२ | वडाध्यक्ष | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | सदस्य | |
| १३ | वडाध्यक्ष | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १४ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १५ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १६ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १७ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| १८ | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| १९ | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २० | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| २१ | प्रमुख प्रशासकीय अधिकृत | श्री पङ्कज भुर्तेल | सचिव | |
| २२ | खरिदार | सोजन कट्वाल | आमन्त्रित | |
| २३ | न.प्र. स्वकीय सचिव | गजेन्द्र खनाल | " | |

बैठक संख्या ३९ मिति २०७५/०९/११

मिति २०७५ साल पौष ०३ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु:

१.अर्जुनधारा नगरपालिकामा घ वर्गको निर्माण व्यवसायी इजजत पत्र सम्बन्धि कार्यविधि,२०७४ को बुँदा नं. २ मा व्यवस्था भए बमोजिम कार्यालयमा प्राप्त एम मकालु कन्ट्रक्सन कम्पनि प्रा लि लाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने ।

२. घरेलु तथा साना उद्योग कार्यालय ,भद्रपुरबाट उद्यमशिलता विकास,भगत सर्वजित कार्यक्रम,उद्योग प्रवर्द्धन तालिमका लागि वडा छनौट गर्नका लागि निवेदन प्राप्त भएका उक्त तालिम कार्यक्रम वडा नं. १ मा सञ्चालन गर्ने ।

३.नगरपालिकाका सूचना प्रवाहलाई थप व्यवस्थित गर्न तथा नगरपालिका र जनतालाई नजिक लागि जनतासँग सरकार नामक वेब तथा मोबाइल एप्स सञ्चालन गर्ने तथा सोका लागि आवश्यक पर्ने बजेटको व्यवस्था गर्ने ।

४.इलाका प्रहरी कार्यालय,अनारमनीबाट सो कार्यालयमा एक थान ४८ इन्चको टेलिभिजन तथा सिसि क्यामेरा फुटेज संग्रह गर्न १० टिबी क्षमताको हार्ड ड्राइभ खरिद गर्न बजेट माग भई आएकामा सोका लागि बढिमा रु एक लाख मात्रमा व्यवस्थापन हुने गरी बजेटको व्यवस्था गर्ने ।

५.कोपिला बस्नेत समेतको लेखनमा तयार भएका पुस्तकहरु "म मा के भै रहेको छ " र " विभुतिको जिज्ञासा,बच्चा कसरी बनिन्छन्" नगरपालिकाको तर्फबाट जम्मा २५० थान खरिद गरी नगरपालिकाका सामुदायिक विद्यालयहरुमा वितरण गर्ने ।

६.देहाय बमोजिम वडास्तरीय योजनाहरु संशोधनका लागि वडा समितिको निर्णयबाट सिफारिस भै आएकाले आगामी नगरसभाबाट अनुमोदन हुने गरी देहाय बमोजिम संशोधन गर्ने ।साथै,आगामी दिनमा वडास्तरीय योजनाहरु संशोधनका लागि वडा समितिको बैठकबाट निर्णय भई सिफारिस भई आएमा नगर सभाबाट अनुमोदन हुने गरी संशोधन गर्नका लागि नगर प्रमुखज्यूलाई अधिकार प्रत्यायोजन गर्ने ।

| क्र.सं. | वडा नं. | शिषक नं. | साविक कार्यक्रम | संशोधित कार्यक्रम | रकम (रु) |
|---|---|---|---|---|---|
| १ | ४ | १५१ | सडक बत्ति जडान | विद्युत जडान | तिन लाख मात्र । |
| २ | ४ | १७२ | तारजाली खरिद तथा स्टोर निर्माण | सडक मर्मत | पाँच लाख मात्र । |

९/१०५

हरी कुमार राना मगर
नगर प्रमुख

मिति २०७५/०९/११

बैठक संख्या ३९

७.यस नगरपालिकाका गठन भएका नगरस्तरीय तथा वडास्तरीय विभिन्न विषयगत समितिहरुलाई समितिहरुको तोकिएको जिम्मेवारीहरु अनुसार आफ्ना क्रियाकलापहरु सञ्चालन गर्न सक्रिय गराउने ।

८.चालु आर्थिक वर्षमा वडा नं. २ लाई पशु पकेट क्षेत्रका रुपमा कार्यक्रमहरु सञ्चालन गरिदै आएकामा उक्त वडाका कृषकहरुबाट उत्पादित दुग्ध व्यवस्थापनका लागि विभिन्न दुग्ध सहकारीहरु सँग सहकार्य गर्दै कृषकको हितमा हुने गरी समन्वय तथा सहजीकरण गर्ने ।

९.अर्जुनधारा नगरपालिकाको अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि,२०७५ को बुँदा ६ बमोजिम देहाय बमोजिम नगरस्तरीय समन्वय समिति गठन गर्ने:

| | |
|---|---|
| (क) नगर उप प्रमुख श्री कमला खतिवडा आचार्य | संयोजक |
| (ख) नगर सभा सदस्य श्री लक्ष्मी महतरा | सदस्य |
| (ग) प्रधानाध्यक श्री मानबहादुर थेबे,महारानीगञ्ज मा.वि. | सदस्य |
| (घ) प्रमुख,प्राथमिक स्वास्थ्य केन्द्र | सदस्य |
| (ङ) प्रहरी चौकी शनिश्चरे प्रमुख | सदस्य |
| (च) अपांग बाल शिक्षा सरोकार केन्द्र ,कृष्ण दुलाल | सदस्य |
| (छ) नगरपालिका स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (ज)समन्वय समितिले मनोनयन गरेको एक जना महिला सदस्य | सदस्य |
| (झ)महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

१०.यस नगरका विपन्न वर्गका परिवारलाई जाडोबाट बच्न विभिन्न सामग्रीहरु वितरण गर्नका लागि सोको आवश्यक विवरण संकलन,छनौट तथा वितरणका लागि देहाय बमोजिम एक कार्यदल गठन गर्ने:

| | |
|---|---|
| नगर उपप्रमुख श्री कमला खतिवडा आचार्य | संयोजक |
| विपद् व्यवस्थपान समिति संयोजक श्री लक्ष्मी तामाङ्ग | सदस्य |
| नगर कार्यपालिकाको कार्यालय जिन्सी शाखा प्रमुख श्री तिवेन्द्र अधिकारी | सदस्य सचिव |

११.यस नगरपालिकामा सञ्चालित तथा आफ्नो गतिविधि गर्ने गैरसरकारी संस्था ,सहकारी संस्था तथा अन्य संस्थाहरुलाई यस नगरपालिकामा सञ्चालन गर्ने आफ्ना कार्यक्रमहरु सहित सुचिकृत हुन आह्वान गर्ने ।साथै, सुचिकृतका लागि देहाय बमोजिम दस्तुर लिने :

| संस्थाको प्रकार | रकम (रु) |
|---|---|
| सहकारी साकोस तथा ऋण परिचालन गर्ने सबै सहकारी | एक हजार मात्र । |
| ऋण परिचाल गर्ने बाहेक अन्य सहकारी संस्था | पाँच सय मात्र । |
| गैर सरकारी संस्था | एक हजार मात्र । |
| धार्मिक संस्था | एक सय मात्र । |
| आमा समूह,युवा समूह वा यस्तै प्रकृतिका समूह | एक सय मात्र । |

१२.वडा नं. ४ को वडा कार्यालय वडा नं ४ स्थित दोभान चौकको श्री रणबहादुर बस्नेतको घर भाडामा लिई तथा वडा नं. ११ को वडा कार्यालय वडा नं. ११ स्थित श्री शान्ता कट्टेलको घर भाडामा लिई स्थानान्तरण तथा सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउने ।

१३. ८.स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत यस नगरपालिकामा सञ्चालन हुने आयोजनाहरुको सञ्चालनका लागि एक साता भित्र उपभोक्ता समिति गठन गर्ने ।

७५/१०/०९

हरी कुमार राना मगर
नगर प्रमुख

मिति २०७५/०९/११

बैठक संख्या ३९

१४.यस नगरपालिका कार्यालय परिसरमा रहेका पुराना काठहरु विक्री वितरण गर्नु पर्ने भएकाले सोको मूल्यांकन गर्नका लागि देहाय अनुसारको समिति गठन गर्ने:

| | |
|---|---|
| नगर उप प्रमुख कमला खतिवडा आचार्य | संयोजक |
| वडा अध्यक्ष श्री जीवकुमार भण्डारी | सदस्य |
| वडा अध्यक्ष श्री दुर्गाप्रसाद दाहाल | सदस्य |
| इलाका वन कार्यालय ,प्रतिनिधि | सदस्य |
| प्रहरी चौकी प्रतिनिधि | सदस्य |
| वन समिति नगर संघ प्रतिनिधि | सदस्य |
| जिन्सी शाखा प्रमुख | सदस्य सचिव |

१५.देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउने :

(क) विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गर्न विष्णु आचार्य समेतेका निवेदन अनुसार रु पचास हजार मात्र ।

(ख)निर्मल काफ्ले वडा नं. ७ औषधोपचार सहयोग रु पचास हजार मात्र ।

(ग)ज्ञानबहादुर पोखरेल ,वडा नं ११,औषधोपचार सहयोग रु दश हजार मात्र ।

(घ) वडा नं ११ को शिवालय मन्दिर आसपास बाटो निर्माणका लागि निवेदक श्री कृष्णप्रसाद प्रसाईको निवेदन बमोजिम सो कार्यको मूल्यांकन गरी रु पचास हजार भुक्तानी गर्ने ।

(ङ) वडा नं. १ को निश्चल राई औषधोपचार सहयोग रु पच्चिस हजार मात्र ।

१६.यस नगरपालिकाको नगर शिक्षा कार्यविधिमा देहाय बमोजिम व्यवस्था हुने गरी संशोधन गर्ने :

(क)नगर शिक्षा समन्वय समितिमा नगर प्रमुखले तोकेको एक जना महिला सदस्य

(ख)नगर शिक्षा समन्वय समितिको सदस्य सचिवमा शिक्षा शाखा प्रमुख हुने ।

१७.यस नगरपालिकाका शहरी स्वास्थ्य केन्द्रमा कामकाज गर्ने गरी ४ जना सि एम ए तथा ४ जना अ न मी नियमानुसार छनौट गर्ने ।

१८.राष्ट्रपति चुरे मधेश तराई संरक्षण विकास समितिबाट प्राप्त कार्यक्रमहरुका सम्बन्धमा देहाय बमोजिम सञ्चालन गर्न सहमति लागि लेखी पठाउने:

हरी कुमार राना मगर
नगर प्रमुख

(क)नदी तथा खोला किनारा स्थिरीकरण गल्छी ,पहिरो खहरे रोकथामका लागि ७ स्थानका लागि रु १,४०,००,०००/- (एक करोड चालिस लाख मात्र) विनियोजन भएकामा देहायका सात स्थानमा गर्ने:

| वडा | रकम (रु) |
|---|---|
| १ | ६५ लाख मात्र। |
| २ | २५ लाख मात्र। |
| ३ | २५ लाख मात्र। |
| ४ | २५ लाख मात्र। |

उपरोक्त बमोजिम चार वटा अलग अलग उपभोक्ता समिति गठन गरी कार्य सञ्चालन गर्ने।

(ख)नदी तथा खोला किनारा स्थिरीकरण/व्यवस्थापन स्पर डाइव,बायो इञ्जिनियरिंग समेतमा ९०० मिटरको लागि रु २,७०,००,०००/- (दुई करोड सत्तरी लाख मात्र)विनियोजन भएकामा देहाय बमोजिम गर्ने।

| वडा | लम्बाई |
|---|---|
| २ | २०० मि |
| ३ | २०० मि |
| ४ | १५० मि |
| ७ | १०० मि |
| ८ | ५० मि |
| ५ | १०० मि |
| ४ को डिएमसी पूर्व | १०० मि |

उपरोक्त बमोजिम सात वटा अलग अलग उपभोक्ता समिति गठन गरी कार्य सञ्चालन गर्ने।

(ग)अन्य कार्यक्रमहरु सम्बन्धित प्राविधिकहरु सँग स्थलगत निरिक्षण गरी सञ्चालन गर्ने।

(घ).राष्ट्रपति चुरे मधेश तराई संरक्षण विकास कार्यक्रम सञ्चालनका लागि लगत स्टमेट तयार गर्न समितिसँग एक प्राविधिक कर्मचारी माग गर्ने।

११/०९/२०७५

हरी कुमार राना मगर
नगर प्रमुख